


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १२६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ ६ गते बिहीबार ❑ 20 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## गण्डकी प्रदेशको मन्त्रीमण्डल विस्तार

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ जेठ**

गण्डकी प्रदेशमा बुधबार मन्त्रिमण्डल विस्तार गरिएको छ । गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले आर्थिक मामिला तथा योजना मन्त्रिमा पुनः किरण गुरुङ सहित ५ सदस्य मन्त्रि मण्डल विस्तार गरे।

मन्त्री गुरुङ सहितका अन्य तीन मन्त्रीहरुलाई गण्डकी प्रदेश प्रमुख सीता कुमारी पौडेलले आफ्नै निवास पोखरामा सफथ खुवाएकी हुनु । रामशरण बस्नेत, विकास लम्साल र नरदेवी पुन मगरलाई हाल विना विभागीय मन्त्रीको रुपमा नियुक्ति गरेका हुन् । युवा तथा खेलकुद मन्त्रीमा पुनः राजीव गुरुङ (दीपक मनाङे) नियुक्ति भएका हुन उनी पोखरा बाहिर भएकोले सपथ ग्रहण गर्न गर्ने कार्यक्रममा सहभागी हुन सकेनन् ।

मुख्यमन्त्री गुरुङ कोरोना संक्रमणका कारण हाल निवासमै होम आइसुलेसनमा बसेको भए पनि मन्त्रिमण्डल विस्तार नहुँदा केही कामहरु समेत प्रभावित हुने भएकोले मुख्यमन्त्रीले आफु संक्रमित भएकै अबस्थामा मन्त्रिमण्डल विस्तार गरेको मुख्यमन्त्री गुरुङका प्रेस संयोजक बिक्रम न्यौपानेले बताए । कोरोनाको कारण प्रदेशमा कोरोनाबाट बच्न बचाउने अभियानमा गर्नुपर्ने कामदेखि आउदो बर्षको बजेट र विकास निमार्णका योजनाहरु समेत प्रभावित हुन नदिन मन्त्रिमण्डल विस्तार गरिएको श्रोतको भनाई छ।

गत वैशाख २६ गते मुख्यमन्त्रीबाट राजीनामा दिएर पद मुक्त भएका गुरुङलाई प्रदेश प्रमुख सीता कुमारी पौडेलले संसदमा ठुलो



दलका नेता गुरुङलाई वैशाख २९ गते मुख्यमन्त्रीमा नियुत्ति गरेकी हुन् । अविश्वासको प्रस्ताव माथि फेस गर्न नसकि राजीनामा दिएका गुरुङ बिरुद्ध अविश्वासको प्रस्ताव पेश गरेका काग्रेंस, माओबादी केन्द्र, जसपाको संयुक्त गठबन्दनले बहुमत सांसदको हस्ताक्षर प्रदेश प्रमुख समक्ष पेश गर्न नसेको हुँदा प्रदेश प्रमुखले गुरुङलाई पुनः नियुक्त गरेकी हुन् । यस अघि आर्थिक मामिला तथा योजना मन्त्रिमा किरण गुरुङ, भौतिक पूर्वाधार तथा योजना मन्त्रीमा रामशरण बस्नेत, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रीमा विकास लम्साल, सामाजिक विकास मन्त्री नरदेवी पुन मगर थिइन् । उनीहरु एमालेका नेता समेत हुन् । माओवादी केन्द्रका हरिबहादुर चुमान र भूमि व्यबस्था तथा कृषि सहकारी मन्त्री लेख बहादुर थापाले नेकपालाई सर्वोच्च अदालतले एमाले र माओबादी केन्द्रको रुपमा व्यूताइदिएसंगै उनीहरुले राजीनामा दिएका थिए । मुख्यमन्त्री गुरुङले आफु माथि अविश्वासको प्रस्ताव पेश भएसंगै प्रतिपक्ष दलहरुलाई थप दबाब दिन राजीव गुरुङ (दीपक मनाङे) लाई युवा तथा खेलकुद मन्त्रीमा नियुत्त गरेका थिए । मनाङले १० दिनको मन्त्रीको पद सम्हालेसंगै पद मुक्त भएको करिब १० दिनमा पुनः मन्त्री भएका छन् । सामाजिक विकास मन्त्रालयलाई फुटाएर मुख्यमन्त्री गुरुङले युवा तथा खेलकुद मन्त्रालय स्थापना गरेका थिए । मुख्यमन्त्री गुरुङले सत्ता टिकाउने खेलमा प्रदेशमा थप आर्थिक भार पार्ने गरी दुई मन्त्रालय थप सहित १० मन्त्रालयसम्म पुराउने गृहकार्यमा जुटेको श्रोतले जनाएको छ।

गण्डकी प्रदेश सरकारले मन्त्रीहरु नियुक्त गरेसंगै बुधबार बसेको मन्त्री परिषदको बैठकले विभिन्न निकायमा पदाधिकारी नियुक्त गर्ने निर्णय गरेको छ । प्रदेश सरकारले गण्डकी प्रदेश सरकारका प्रवत्ता, योजना आयोगका पदाधिकारी र राजनितीक सल्लाहकार नियुक्त गरेको हो।

सरकारका पूर्व प्रवक्ता रामशरण बस्नेत र प्रदेश निती तथा योजना आयोगका उपाध्यक्षमा डा. गिरीधारी शर्मा पौडेललाई पुनः नियुक्त गरेको हो । आयोगको सदस्यमा डा. विष्णुराज बराललाई नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता रामशरण बस्नेतले बताए । मुख्यमन्त्रीको राजनीतिक सल्लाहकारमा लमजुङ सुन्दरबजारकाडा. भीष्मअधिकारीलाई नियुक्त गर्ने निर्णय गरेको विना विभागिय मन्त्री समेत रहेका प्रवक्ता बस्नेतले जनाए । मुख्यमन्त्रीको राजीनामासँगै उनीहरुको पद समेत गएको थियो । माओवादी केन्द्रकी सदस्य डा. भीमा ढुंगानलाई मुख्यमन्त्रीले पुनः निरन्तरता भने दिन चाहेनन् । त्यस्तै यसअघि मुख्यमन्त्रीका राजनीतिक सल्लाहकारमा पर्वतका गोविन्द नेपाली रहेका थिए।

साथै बैठकले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई कोडिभ उपचार केन्द्रकै रुपमा स्थापना गर्न सिफारिस गर्ने निर्णय गरेको छ । संघ सरकार माताहातमा रहेको यस क्षेत्रकै ठुलो अस्पतालमा कोरोना डेडिकेट अस्पतालको रुपमा संचालन गर्न सिफारिस गरेको प्रवक्ता बस्नेतले जनाए । प्रतिष्ठानमा हाल कोरोना उपचार केन्द्रमा ५० र मेडिकल वार्डमा थप ४० सहित ९० बेडको कोभिड उपचार केन्द्रको रुपमा सेवा दिदै आएको छ।

## कास्कीमा जेठ १४ गतेसम्मका लागि निषेधाज्ञा थप

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ जेठ**

कास्की जिल्लामा जेठ ७ गते राति १२ बजेदेखि लागू हुनेगरी जेठ १७ गते राति १२ बजेसम्मका लागि निषेधाज्ञा थप गरिएको छ।

कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले जारी गरेको सूचनामा जनाइएको छ।

कास्की प्रशासनले नयाँ भेरियन्ट सहितको कोभिड १९ तीव्र रुपले फैलिएकोले स्थिति भयावह हुन् नदिन भन्दै यस अघि लागु गरेको निषेधाज्ञालाई थप एक साताका लागी निरन्तरता दिएको हो।

जिल्ला कोभिड व्यवस्थापन केन्द्रको बुधबारको बैठकले उक्त निर्णय गरेको हो । कास्की जिल्लामा वैशाख १५ गतेदेखि निषेधाको आदेश जारी भएको थियो।

संक्रमण दर बढ्दै गएपछि जेठ ७ गतेसम्म लागु गरिएको निषेधाज्ञामा पुनः एक साता समय थप गरिएको हो।

## गण्डकीमा ६८८ संक्रमित थपिए, ३० को मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ जेठ**

कास्की जिल्लामा थप १७६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

बुधबार कास्कीमा ९४ जना पुरुष तथा ८२ जना महिला गरी १७६ जनामा कोरोना भाइरस देखिएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ । पछिल्लो २४ घण्टामा प्रदेशमा एक हजार ६९७ जनाको नमुना परीक्षण गरिएकोमा थप ६८८ जनामा कोरोना पोजेटिभ देखिएको विज्ञप्ति मार्फत निर्देशनालयले उल्लेख गरेको छ । कास्कीका १७६ सहित स्याङ्गजाका ९ जना, बाग्लुङका ७० जना,पर्वतका २२ जना, म्याग्दीका ६८ जना, मनाङका १३ जना, मुस्ताङका १० जना, तनहुँका ५६ जना, गोरखाका १२९ जना, लमजुङका ७ जना र नवलपुरका १२८ जना गरी प्रदेशका दश जिल्लामा ३८० पुरुष तथा ३०८ जना महिलामा कोरोना पुष्टि भएको हो । यो सँगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको कुल संख्या ३० हजार ६८८ पुगेको छ। पछिल्लो २४ घण्टामा ५६७ जना निको भएसँगै प्रदेशमा संक्रमणमुक्त हुनेको संख्या २० हजार ९६५ पुगेको छ।

पछिल्लो २४ घण्टामा गण्डकीमा थप ३० जनाको कोरोना संक्रमणका कारण मृत्यु पुष्टि भएको छ। हालसम्म कोरोना संक्रमणका कारण प्रदेशभर ज्यान गुमाउनेको संख्या ४५२ पुगेको छ।

## राष्ट्रियसभा सदस्य निर्वाचन मतदान बिहीबार

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ जेठ**

वाग्मती प्रदेशमा रिक्त राष्ट्रियसभा सदस्य उपनिर्वाचनमा बिहीबार बिहान ९ देखि अपराह्न ३ बजेसम्म मतदान हुँदैछ।

उपनिर्वाचन स्वच्छ, स्वतन्त्र, मर्यादित र विश्वसनीय ढंगबाट गराउने सन्दर्भमा शान्ति सुरक्षा, स्वास्थ्य सुरक्षा मापदण्ड र अरु व्यवस्थापनका सम्पूर्ण तयारी पूरा भएको छ।

निर्वाचनमा वाग्मती प्रदेशसभा सदस्य ११० र प्रदेशअन्तर्गतका गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख २३८ गरी ३४८ मतदाता कायम रहेको आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिए । मतदाताको निर्वाचकमण्डलबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअनुरुप हुने निर्वाचन स्वच्छ र निष्पक्ष बनाउन आयोग प्रतिबद्ध र क्रियाशील रहेको जानकारी दिइएको छ । आयोगले सबै मतदातालाई मतदानमा सहभागी हुन अनुरोध गरेको छ । निर्वाचन प्रयोजनका लागि निर्वाचन आचारसंहितानुसार यही जेठ ३ गते राति १२ बजेपछि मौनअवधि शुरु भइसकेको छ । निर्वाचन आचारसंहिता विपरीतका कार्य गर्ने व्यक्ति वा संस्थालाई कानूनबमोजिम कारवाही गर्न सकिने र आचारसंहिता विपरीत कार्य गर्नेको अभिलेख राखिने जनाइएको छ। निर्वाचन आचारसंहिता एक कानूनी आधार र नैतिक बन्धन भएकाले सोको पालना गरी निर्वाचन निष्पक्ष ढंगबाट सञ्चालन गर्ने कार्यमा सहयोग पुऱ्याउन आयोगले सबैमा आग्रह गरेको छ। जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र मकवानपुरले मतदाताको बसोबास र मतदान व्यवस्थापन स्वास्थ्य सुरक्षा मापदण्डका आधारमा प्रबन्ध मिलाइएको जानकारी दिएको छ । हेटौंडा नगरपालिका- ४ स्थित भुटनदेवी माध्यमिक विद्यालयमा कायम गरिएको तीन

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

## कोरोना महामारी बिरुद्ध सबै जुट्न सांसद पहारीको अपिल

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ जेठ**

गण्डकी प्रदेश सभा सदस्य राजिब पहारीले नेपाल मात्रै नभै संसारलाइ अत्याधिक पीडित बनाइरहेको कोरोना भाइरसलाई परास्त गर्न सबैजना एक भएर लाग्नु पर्ने बताउनु भएको छ।

पहारीले सिङ्गो मानव सभ्यतालाइनै चुनौती दिइरहेको कोरोना भाइरस बिरुद्ध बिना पुर्बाग्रह सरकारको कदममा साथ दिदै स्वास्थ मापदण्डहरुको पुर्ण पालना सहित सकेको सहयोगका निम्ति आ-आफ्नो ठाउँबाट जुट्न सबैलाई आग्रह गर्नु भएको छ । साम्सद पहारीले सो कुरा कास्कीको अन्नपूर्ण गाउँपालिकाका युवाहरुले आजबाट संचालनमा ल्याएको निशुल्क एम्बुलेन्स



सेवाको पोखरामा शुभारम्भ गर्दै सो कुरा बताउनु भएको हो।

पहारीले यो बेला सरकारको मात्रै भर नपरी आम नागरिकहरु कोरोना नियन्त्रण र उपचारमा सहयोगी हुनुपर्ने भन्दै संक्रमीत र अग्रपंक्तिमा उपचारमा सम्लग्न स्वास्थकर्मीहरुको मनोबल उच्च बनाउने सुचना र जानकारी प्रवाह गर्न सबैलाइ आग्रह गर्नु भयो। पहारिले सरकार र सम्बन्धित निकायहरु जोड्तोडले सम्पुर्ण शक्ति र सामर्थ्य सहित जनताको जिउ र स्वास्थको रक्षार्थ खटिएको जिकिर गर्दै भएका कमिकमजोरी तत्काल सुधार गरेर अघि बढ्नु पर्ने बताउनु भयो।

बिराजसुवेदीकोसंयोजकत्वमा उक्त गाउँपालिकाका युबाहरुले कोरोना सक्रमित बिरामिहरुलाइ यातायात सहजिकरणको निम्ति निशुल्क एम्बुलेन्स सेवा शुरु गरेका छन । उक्त एम्बुलेन्समा आबश्यक पर्ने सुरक्षाका स्वास्थ्य समाग्री नमस्ते सामुदायिक प्रतिष्ठान नेपालले प्रदान गरेको पहारीका स्वकिय सचिब साजन सुबेदिले जानाकारी दिनु भयो।

अहिलेको महामारीमा मानबिय सहयोगमा जुट्ने युबाहरुको सर्हानिय कदमलाइ प्रोत्साहित गर्न आफुहरु सहयोगमा जुटेको सो संस्थाका डा. सजिब रेग्मीले जानकारी दिनुभयो।

## आठ हजार १७३ संक्रमित, २४६ को निधन

**रासस**
**काठमाडौं, ५ जेठ**

पछिल्लो २४ घण्टामा सात हजार ९८९ जना कोरोनाबाट निको भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

हाल देशभर ८५६ जना क्वारेन्टिनमा छन् । गत २४ घण्टामा थप आठ हजार १७३ जना कोरोना भाइरसबाट सङ्क्रमित भएको मन्त्रालयले जनाएको छ । गत २४ घण्टामा पिसीआर विधिबाट आठ हजार ६४ र एण्टिजेन विधिबाट परीक्षण गर्दा १०९ जनामा पोजेटिभ देखिएको हो। पछिल्लो २४ घण्टामा काठमाडौँ उपत्यकामा मात्र दुई हजार ४८६ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। काठमाडौँमा एक हजार ९८८ जना, भक्तपुरमा २२८ जना र ललितपुरमा २७० जना गरी दुई हजार ४८६ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको हो।

यस अवधिमा २४६ जनाको मृत्यु भएको मन्त्रालयका प्रवक्ता प्रा डा जागेश्वर गौतमले आज आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो । हालसम्म कोरोनाका कारण पाँच हजार ६५७ जनाको मृत्यु भएको छ । हाल नेपालमा सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाख १४ हजार ७१३ पुगेको छ।

# कामले अत्यावश्यक, व्यवहारमा छैन : ग्यास व्यवसायी

पोखरापत्र संवाददाता
पोखरा, ५ जेठ

खाना पकाउने एलपी ग्याससमार्फत सर्वसाधारणका भान्छाभान्छामा पुग्ने व्यवसायी तथा कर्मचारी आफूहरू राज्यको प्राथमिकतामा भने नपरेको भन्दै चिन्तित छन् । एलपी ग्यासबिना सर्वसाधारणको चुल्हो नतात्ने भएका कारण पनि हरेक दिन भान्छाभान्छामा पुग्नुपर्ने आफूहरूको जिम्मेवारी तथा बाध्यतालाई राज्यले व्यवहारमा भने बुझ्न नसकेको व्यवसायीको गुनासो छ।

अत्यावश्यकीय सेवाअन्तर्गत निजामती कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मीसँगै बैंक तथा वित्तीय संस्थाका कर्मचारी अधिकांशले दुवै चरणको कोरोनाविरुद्धको खोप लगाइसक्दा पनि एलपी ग्यास वितरण गर्ने कर्मचारी हालसम्म पनि उक्त सुविधाबाट वञ्चित भएको शक्ति ग्यास प्रालि गगनगौँडाका वरिष्ठ प्रबन्धक एवं कार्यालय प्रमुख मेघराज पौडेलले बताउनुभयो।

"जस्तोसुकै परिस्थितिमा पनि हरेक दिन सर्वसाधारणका भान्छामा पुग्नु हाम्रो जिम्मेवारी तथा बाध्यता दुवै छ", उहाँले भन्नुभयो, "राज्यका तर्फबाट निजामती कर्मचारीसहित सुरक्षाकर्मी, सञ्चारकर्मी हुँदै बैंक तथा वित्तीय संस्थाका कर्मचारीलाई कोरोनाविरुद्धको खोप दिइसक्दा पनि ग्यास बिक्री वितरणमा खटिने कर्मचारीका लागि भने अझै कुनै सुरसार देखिँदैन ।" आफूहरू जोखिममा रहँदा प्रत्यक्ष सर्वसाधारणसमेत जोखिममा पर्ने भएकाले कोरोनाविरुद्धको खोप लगाउने व्यवस्था गर्न सम्बन्धित निकायमा ध्यानाकर्षण गरे पनि त्यसको कुनै सम्बोधन हुन नसकेको उहाँले बताउनुभयो।

शक्ति ग्यास प्रालि गगनगौँडामा ५५ कर्मचारी कोरोना महामारीका बीच पनि दैनिक सेवा प्रवाहमा खटिरहेको बताउँदै पौडेलले कास्की, स्याङ्जा, तनहुँ, कास्की, पर्वत, म्याग्दी र बागलुङमा कूल तीन लाख ५० हजार सेवाग्राही रहेको जानकारी दिनुभयो। उहाँका अनुसार प्रालिमार्फत सामान्य अवस्थामा दैनिक दुई हजार ५०० देखि तीन हजारसम्म ग्यास सिलिण्डर बजारमा जाने गरेको छ भने महामारी, भूकम्प, नाकाबन्दीजस्ता असामान्य अवस्थामा तीन हजार ५०० देखि चार हजार सिलिण्डरसम्म बजारमा पुग्ने गरेको छ। सामान्य अवस्थामा पोखरा र आसपासमा १५/१६ वटा ग्यास कम्पनीमार्फत ग्यास वितरण भइरहे पनि विषम परिस्थितमा बाहिरबाट आउने क्रम प्रभावित हुने भएकाले मागअनुसारको व्यवस्थापन गर्नसमेत धौधौ हुने गरेको उहाँले बताउनुभयो।

शक्ति ग्यास प्रालिले विगत २५ वर्षयता यस क्षेत्रमा एलपी ग्यासको वितरण गर्दै आएको उहाँको भनाइ छ । उहाँले सर्वसाधारणसँग दैनिक प्रत्यक्ष सम्पर्कमा जानुपर्ने भएकाले अत्यावश्यकीय सेवाका रूपमा तत्काल खोपको व्यवस्था गर्न सम्बन्धित निकायमा माग गरिए पनि त्यसको सुनुवाइ हुन नसकेको बताउनुभयो । "व्यवसायसँगै हामीले राज्यलाई नियमानुसार राजश्व बुझाएका पनि छौँ", उहाँले भन्नुभयो, "जनताको दैनिकीसँग प्रत्यक्ष सरकोकार राख्ने हामीले सामान्य खोपको लागि पनि हारगुहार गर्नुपर्दा दुःख लागेको छ।"

# कास्कीका दुई गाउँपालिकामा नेलम्बोद्वारा सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ५ जेठ



पोखरा, ५ जेठ।पोखरा स्थित नेलम्बो नेपालले आज रुपा गाउँपालिका र माछापुच्छ्रे गाउँपालिकाको धम्पुसमा स्वास्थ्य सुरक्षाका सामग्रीहरु प्रदान गरेको छ।

संस्थाका अध्यक्ष एकदेव देवकोटाले रुपा गाउँपालिका अध्यक्ष नवराज ओझा र माछापुच्छ्रे-७, धम्पुसका वडाध्यक्ष समबहादुर गुरुङलाई सामग्री हस्तान्तरण गर्नुभएको हो ।त्यस अवसरमा प्रदान गरिएका सामग्रीको विवरण नेलम्बोका कार्यक्रम संयोजक डा. किसन कोइरालाले प्रस्तुत गर्नुभएको थियो। रुपा गाउँपालिकालाई पीपिई, फेस शिल्ड, माक्स, सेनिटाइजर, सेनिटाइजर स्टाण्ड, अक्सीमिटर, स्प्रे बोतल, साबुन समेत गरी रु.९४ हजार तथा धम्पुसमा २२ हजार बराबरका सामग्री उपलब्ध गराईएको हो । कार्यक्रममा धारणा राख्दै गाउँपालिका अध्यक्ष ओझाले सहयोग प्रति आभार प्रकट गर्दै नेलम्बोसँग सहकार्य गर्दै जाने बताउनुभयो।उहाँले प्राप्त सामग्रीको सदुपयोग गरिने विश्वास पनि दिलाउनुभयो।

धम्पुसका वडाध्यक्ष समबहादुर गुरुङले महामारीको समयमा अग्रपङतिमा खटिनेहरुलाई लक्षित गरी नेलम्बोले सहयोग गर्दै आएको स्पष्ट पार्दै यसको मूल्याङकन वडावासीले गरिरहेको औंल्याउनुभयो। नेलम्बोका अध्यक्ष देवकोटाले सरकार, संघसंस्था र नागरिक बीचको हातेमालोबाट मात्रै महामारी विरुद्ध लड्न सकिने धारणा राख्नुभयो ।उहाँले गाउँपालिका र वडासँग सहकार्य गर्न संस्था तयार रहेको पनि स्पष्ट पार्नुभयो । यसैबीच आजै नेलम्बो नेपालले रुपा गाउँपालिकालाई अस्थायी कोभिड अस्पताल संचालन सहजताका लागि रु. ३ लाख सहयोग गर्ने घोषणा पनि गरेको छ ।जुन रकमबाट अस्पतालमा अक्सीजन पाइपलाइन जडान, अन्य पुर्वाधार निर्माण तथा आवश्यक सामग्री खरिद गर्न सक्ने गरी सम्झौता पनि भएको छ । चार वर्ष अघि स्थापित नेलम्बोले गण्डकी प्रदेशलाई लक्षित गरी शिक्षा, स्वास्थ्य र वातावरणको क्षेत्रमा कार्य गर्दै आइरहेको छ।

# लमजुङ भुलभुलेमा भूकम्प जाँदा चार घाइते, एक दर्जन घरमा क्षति

पोखरापत्र संवाददाता
लमजुङ, ५ जेठ



पहाडी जिल्ला लमजुङ मर्स्याङ्दी गाउँपालिका-३ भुलभुले केन्द्रविन्दु बनाएर बुधबार बिहान ५.८ रिक्टरस्केलको भूकम्पले घर भत्किँदा विभिन्न स्थानका चार जना घाइते भएका छन्।

घाइते हुनेमा बेँसीशहर नगरपालिका-६ का ३६ वर्षीय उमा गुरुङ, वडा नं ११ चितीका ८३ वर्षीय खकाकुमारी पाण्डे, वडा नं ८ का २९ वर्षीय खुशीमाया गुरुङ र मर्स्याङ्दी गाउँपालिका-६ ठुलीबेँसीका २२ वर्षीय गोविन्द्र अधिकारी रहेको जिल्ला प्रहरी कार्यालय लमजुङले जनाएको छ। प्रहरीका अनुसार उनीहरूमध्ये खुशीमाया र गोविन्द भने भाग्ने क्रममा चोट लाग्न पुगी घाइते भएका थिए। घाइतेहरूको जिल्ला अस्पताल लमजुङमा उपचार भइरहेको छ। उनीहरूको टाउको, हातखुट्टालगायतका शरीरमा चोट लागेको जिल्ला प्रहरी कार्यालय लमजुङका प्रहरी निरीक्षक जगदीश मिश्रले बताउनुभयो । घाइते उमा घरमै सुतिरहेको अवस्थामा भूकम्प जाँदा घर भत्किएर शरीरको आधा भाग नै पुरिएको थियो। त्यसपश्चात् स्थानीयवासीले उद्धार गरेर एम्बुलेन्समार्फत जिल्ला अस्पताल पुऱ्याउन सफल भएको तर प्रहरीलाई बेलैमा खबर गर्दासमेत नआएको स्थानीयवासीको गुनासो छ । उमासहित उहाँकी छोरी श्रृती गुरुङ पनि सोही स्थानमा सुतिरहे पनि उनी भने मर्निङवाक जाने भनेर हिँडेको एक मिनेटमै भूकम्प गएको थियो। श्रृती मर्निङवाक जाने भनेर घरबाट हिँडेकाले घाइतेबाट जोगिएको उहाँले बताउनुभयो । श्रृतीले भन्नुभयो, "घरमा ममी र म मात्र थियौँ, बाबा कामको सिलसिलामा मनाङमा हुनुहुन्छ, अब घर भत्कियो कता कसरी बस्ने भइहेको छ।"

प्रहरी निरीक्षक मिश्रका अनुसार भूकम्पले घाइते उनीहरूको घरसहित बेँसीशहर-१ का शम्शेर परियार, वडा नं ३ रानीकुवाका दीपक बराल, नवीन बराल, गोरे क्षेत्री, वडा नं ६ मकैडाँडाका लक्ष्मी अधिकारी, तुलबहादुर अधिकारी, टेकबहादुर अधिकारी, मर्स्याङ्दी-३ तरापुका बासुदेव खत्रीको घरमा क्षति पुगेको छ। त्यस्तै मध्यनेपाल नगरपालिका-७ का तीर्थराज घिमिरे, बेँसीशहर-६ कै धीरबहादुर रिमाल, बुद्धिबहादुर रिमालको घरमा क्षति पुगेको छ। यी अधिकांश घरहरू ढुङ्गामाटा र जस्तापाताको छानोबाट बनेको प्रहरीले जनाएको छ। त्यस्तै थप अन्य विस्तृत जानकारी प्राप्त हुन बाँकी रहेको प्रहरीको भनाइ छ।

लमजुङसहित छिमेकी जिल्ला मनाङ, कास्की, गोरखालगायतका जिल्लामा समेत धक्का पुगेको बताइएको छ। जिल्लामा भने अझै पटकपटक भूकम्पको पराकम्पन जाने क्रम जारी रहेको छ। यसरी पटकपटक भूकम्पको धक्का गइरहेकाले यहाँका स्थानीयवासी घरबाहिर सडक र खुला ठाउँमा निस्किएर बसेका छन् । त्यस्तै कोरोना सङ्क्रमणका बेला मानिसहरूको मास्कबिना भीडभाड देखिन्छ। यसले गर्दा सङ्क्रमणको जोखिमसमेत बढेको छ।

# राष्ट्रियसभा...

केन्द्रमा मतदान हुनेछ । केन्द्रमा प्रदेशसभा सदस्य, स्थानीय तहका जनप्रतिनिधि र कोभिड संक्रमित मतदाताका लागि बेग्लाबेग्लै मतदानको व्यवस्था मिलाइने छ। उपनिर्वाचनमा यसअघिका विभिन्न निर्वाचनमा जारी भएका मतदाता परिचयपत्र, नागरिकता वा राष्ट्रिय परिचयपत्रलगायत कागजात देखाएर मतदान गर्न सकिने व्यवस्था गरिएको छ । निर्वाचकमण्डलको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले प्रदेशसभा सदस्य, गाउँपालिकाका अध्यक्ष वा उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख वा उपप्रमुखमा निर्वाचित भएको प्रमाणपत्रका आधारमा पनि मतदान गर्न सक्ने छन् । स्थानीय तह निर्वाचन, प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन र उपनिर्वाचन, २०७६ मा आयोगबाट जारी भएको मतदाता परिचयपत्र, नागरिकता प्रमाणपत्र र राष्ट्रिय परिचयपत्रका आधारमा मतदान गर्न सकिने आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिए।

निर्वाचकमण्डलको अन्तिम मतदाता नामावली विवरणसँग भिडाएर यकिन गरी मतदान गर्न पाउने व्यवस्था मिलाउन सम्बन्धित निर्वाचन अधिकृतलाई आयोगले निर्देशन पनि दिएको छ। यसैबीच राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)ले निर्वाचनमा नेकपा (एमाले)का उम्मेदवारलाई मदान गर्ने निर्णय गरेको छ । एमालेका उम्मेदवार रामबहादुर थापाका पक्षमा मतदान गर्न राप्रपाले मतदातालाई विज्ञप्तिमार्फत जानकारी गराएको छ।

# पोखरा महानगरमा वार्षिक परीक्षा नहुने

पोखरापत्र संवाददाता
पोखरा, ५ जेठ

कोरोना भाइरसको दोस्रो भेरियन्टको कारण बढ्दो संक्रमण दर रोक्न जारी निषेधाज्ञाले पोखराका विद्यालयमा वार्षिक परीक्षा नहुने भएको छ। पोखरा महानगरपालिका शिक्षा महाशाखाले सूचना प्रकाशन गरेर महामारीका कारण भौतिकरूपमा परीक्षा सञ्चालन गर्न असम्भव भएकाले यसपूर्व सञ्चालन भएका त्रैमासिक, अर्धवार्षिक परीक्षा एवं आन्तरिक मूल्यांकनका आधारमा मूल्यांकन गरी नतिजा प्रकाशन गर्न निर्देशन गरेको छ।

पोखराका अधिकांश निजी विद्यालयले निषेधाज्ञा जारीअगावै वार्षिकपरीक्षासञ्चालनगरिसकेको तथा केहीमा परीक्षा शुरु हुने मिति नजिकिँदै लाग्दा निषेधाज्ञा जारी भएपछि स्थगन गरिएको थियो । महानगरले शैक्षिक सत्र २०७८ को विद्यार्थी भर्नासम्बन्धी कार्य आगामी असार १ गतेदेखि मात्र शुरु हुने गरी निर्णय भएकाले सोहीबमोजिम गर्न विद्यालयका नाममा सूचनासमेत जारी गरेको छ। कक्षा ८ को वार्षिक परीक्षाका सम्बन्धमा भने नगरस्तरीय परीक्षा सञ्चालन तथा समन्वय समितिको निर्णयअनुसार हुने गरी अर्को सूचना प्रकाशन गरिने शिक्षा महाशाखा प्रमुख हेमप्रसाद आचार्यले जारी गरेको सूचनामा उल्लेख छ।

## म्याद गुज्रेका प्राइभेट फर्महरुको नविकरण सम्बन्धी सूचना ।

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अनुसार विधिवत रुपमा दर्ता भई तोकिएको समयमा नविकरण हुन नसकेको वा म्याद गुज्रेको प्राइभेट फर्महरुको नविकरण सम्बन्धमा प्राईभेट फर्म नविकरण गर्न नसक्नुको मनासिव कारण खुलाई सम्वन्धित घरेलु तथा साना उद्योग कार्यालयमा २०७८ आषाढ मसान्तभित्र दरखास्त दिएमा प्राईभेट फर्म रजिष्ट्रेशन (तेह्रौं संशोधन) नियमावली, २०७७ अनुसार लाग्ने शुल्क र जरिवाना समेत लिई प्राईभेट फर्म नविकरण गर्न सकिने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**अनुरोधक**
**प्रदेश सरकार**
**उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय**
**गण्डकी प्रदेश, पोखरा**
**सम्पर्क नः** ०६१–४६७६५४, ०६१–४६७६६९, ०६१–४६७६७०
**इमेलः** moitfe4@gmail.com


नोवेल कोरोना भाइरस COVID_19 सामान्य रूघा खोकी भन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सर्तक हुनुनै उत्तम उपाय हो।

**यसबाट बच्ने उपायहरू**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने
- अनावश्यक रूपमा घर बाहिर र भिडभाडमा नजाने
- खोक्दा र हाँच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने
- कुनै पनि व्यक्ति सँग तीन फिटको दुरी कायम गर्ने
- जंगली तथा घर पालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने
- सकेसम्म पशुजन्य मासु नखाने
- ज्वारो रूघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सा सँग परामर्श लिने
- कसैले गतल सूचना प्रवाह गरको तथा अत्यावश्यक वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा जम्मा गरी सम्पर्क गराउने ।

नेपाल सरकार
सञ्चार तथा सुचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# मन्त्रीमा पुरानै अनुहार

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले पहिलेकै मन्त्रीहरूलाई राखेर प्रदेश मन्त्रिपरिषद्मा हेरफेर गरेका छन् । प्रदेश सभामा सबैभन्दा ठुलो संसदीय दलको नेताको हैसियतमा मुख्यमन्त्री बनेका गुरुङले एमालेकालाई मात्र मन्त्री बनाएका छन।पुरानैलाई मन्त्री बनाएपनि मन्त्रालय बढाएका छन । ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक ब्यवस्थनका कारण अन्य दललाई समेट्न मन्त्रालय बढाइएको छ । संविधान अनुसार सांसद संख्याको २० प्रतिशत मन्त्री बनाउन सकिने हुँदा तन्काउन सकिने गरि मन्त्रालय फुटाइएको छ । सामाजिक विकास र भौतिक पुर्वाधार मन्त्रालय फुटाइएको छ । सामाजिक विकास मन्त्रालयबाट युवा तथा खेलकुद, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय छुट्टयाइएको छ । भौतिक पुर्वाधारबाट उर्जा , जलश्रोत, खानेपानी छुट्टयाइएको छ ।

बुधबार विस्तार भएको मन्त्रिमण्डलमा मन्त्रीहरुको कार्यविभाजन गरिएको छ । जसअनुसार किरण गुरुङ अर्थ, भूमि व्यवस्था, कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालय, रामशरण बस्नेत भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था र ऊर्जा जलस्रोत तथा खानेपानी कानुन, सञ्चार तथा प्रदेश मामिला मन्त्रालयको जिम्मेवारी पाएका छन् । त्यस्तै, नरदेवी पुनमगरले शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, विकास लम्सालले पर्यटन, उद्योग, वाणिज्य आपूर्ति, वन वातावण तथा भू-संरक्षण मन्त्रालय पाएका छन् ।

युवा तथा खेलकुद मन्त्रालयको जिम्मेवारीमा राजीव गुरुङ (दीपक मनाङे) नै दोहोरिएका छन् । मुख्यमन्त्री पृथ्वीसुब्बाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय आफैसंग राखेका छन । पुनर्गठित गण्डकी प्रदेश मन्त्रिपरिषद्को पहिलो बैठकले सरकारको प्रवक्ताको जिम्मेवारी रामशरण बस्नेतलाई दिएको छ । यसअघि पनि उनी प्रवक्ताकै जिम्मेवारीमा थिए । बैठकले प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षमा डा. गिरिधारी शर्मा र सदस्यको विष्णुराज बरालल‍ाई पुनः जिम्मेवारी दिइएको छ । त्यस्तै, मुख्यमन्त्रीको राजनीतिक सल्लाहकारमा सुन्दरबजार-३ का डा. भीष्म अधिकारी नियुकति गरेको छ यसअघि गोविन्द नेपाली थिए ।

बैठकले पोखरा स्वास्थ्य विज्ञान अस्पताललाई कोभिड अस्पताल बनाउन सरकारसँग आग्रह गर्ने निर्णयसमेत गरेको छ । सरकारको निति तथा कार्यक्रम र बजेट ल्याउनुपर्ने र विश्वासको मत लिनुपर्ने हुँदा सम्पूर्ण ध्यान अहिलेको कोभिड-१९ का विरुद्ध लगाउनुपर्ने छाराजनीतिक दलहरूसँग सम्बन्ध सुधार र अहिलेको कठिन परिस्थितिसंग जुध्ने साझा रणनीति बनाउनतिर सरकार लागेमा प्रदेशको सान्दर्भिकता बढ्नेछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : अप्रत्यसित लाभ |
| वृष | : शत्रुको भय | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : शारिरीक झमेला |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

*बिपन्न समुदाय र जैविक विविधता सहयोगी संस्था, नेपाल*
**नेलम्बो, नेपाल**
पोखरा-४, गैरापाटन
को अपिल
कोरोना संक्रमणबाट बच्नका लागि जनस्वास्थ्यका सबै मापदण्डको पालना गरौं
उचित तरिकाले मास्कको अनिवार्य प्रयोग गरौं
बेलाबेलामा साबुनपानीले हात धोऔं
कम्तीमा १ मिटरको भौतिक दूरी कायम गरौं
/Nelumbonepal /Nelumbonepal /company/nelumbo-nepal /nelumbonepal


# इजरायली र प्यालेस्टिनीबीचको युद्ध कहिले रोकिएला ?

–सोमनाथ लामिछाने
काठमाडौं, ५ जेठ (रासस)

गत बैशाख २७ गते सोमबार इजरायलको जेरुसेलमतर्फ गाजा क्षेत्रमा सक्रिय हमास लडाकू समूहले ठूलो सङ्ख्यामा क्षेप्यास्त्र प्रहार गरे । झण्डै एक महिनादेखि जारी द्वन्द्वकै नतिजा स्वरुप पछिल्लो युद्ध शुरु भएको हो । एक महिनाअघि पूर्वीजेरुसेलममा रहेका एक प्यालेस्टिनी परिवारलाई आफ्नो घर छाड्न इजरायली अधिकारीले चेतावनी दिएपछि विवाद उत्पन्न भएको थियो । उक्त जमिन एक यहूदीको भएको इजरायलको भनाइ छ । जेरुसेलम इजरायली र प्यालेस्टिनी दुबै समुदायका लागि पवित्रस्थल पनि हो ।




इजरायली सेनाले प्यालेस्टिनी परिवारलाई हटाउन थालेपछि "भूमि कब्जा गर्न खोजेको" भन्दै हमासले क्षेप्यास्त्र प्रहार गरेको थियो । इद्यपी इजरायलभित्रै बसोबास गर्ने अल्पसङ्ख्याक अरब समुदायले पनि उक्त घटनाको विरोध गर्दै प्रदर्शन गरेका थिए जुन यहूदी-अरबी हिंसामा रुपान्तरण भएको थियो ।

यो घटना आगोको फिलिङ्गो सावित भयो । आफूमाथि क्षेप्यास्त्र हानेपछि निकै बलशाली इजरायल चुप लाग्ने कुरै थिएन । उसले हमास विरुद्ध आक्रामक कारबाही गर्ने चेतावनी दियो । इजरायली सेनाले क्षेप्यास्त्र प्रहार गर्ने स्थान र क्षेप्यास्त्र उत्पादन गर्ने ठाउँ, विद्रोही कमान्डर, उनीहरुका घर र ठुल्ठूला अग्ला भवनलाई निशाना बनाइएको जनाएको छ जसबाट एसोसिएटेड प्रेस, अल-जजिरा टिभी जस्ता सञ्चारगृह रहेको टावर भवन पनि बम हमलाबाट ढालिएको छ । इजरायलतर्फ लुकिछिपी प्रवेश गर्न हमासले बनाएका भूमिगत सुरुङ ध्वस्त पार्नु पनि इजरायलको उद्देश्य रहेको सेनाको भनाइ छ ।

हिंसात्मक कारबाही तीव्र भएसँगै नयाँ प्यालेस्टिनी "इन्तिफादा" अर्थात विद्रोह हुने सम्भावना बढाएको छ । सन् १९४८ मा इजरायल स्थापना हुनेक्रममा झण्डै सात लाख प्यालेस्टिनी बिस्थापित भएको दिनको सम्झना पनि गत शनिबार परेको थियो । इजरायल-प्यालेस्टिनका विषयमा छलफल गर्न राष्ट्रसङ्घीय सुरक्षा परिषदको आइतबार बसेको बैठक पनि कुनै निर्णयमा नपुगी टुङ्गिएको छ । इजरायलमाथि दबाब दिने उद्देश्यले राष्ट्रसङ्घ सुरक्षा परिषदबाट वक्तव्य जारी गर्ने चीन, नर्वे र ट्युनिसियाको प्रयासलाई संयुक्तराज्य अमेरिकाले रोकिदिएको छ । तर अमेरिकाले इजरायली आक्रमणप्रति चिन्ता व्यक्त गर्दै सावधानी अपनाउन आग्रह गरेको छ, तर सँगै इजरायलले आफ्नो सम्प्रभू र आत्मरक्षा गर्न पाउने अधिकार रहेको जनाएको छ । उता, इजिप्टको एक वर्षसम्म शान्ति कायम राख्ने प्रस्तावलाई हमासले स्वीकार गरे पनि इजरायलले अस्वीकार गरेको छ । शनिबार भएको यस्तै हमलामा मोहम्मद अबु हताबले ठूलो पारिवारिक क्षति व्यहोर्नु परेको थियो । उहाँले भन्नुभयो, "इद मनाउन आफन्तकोमा गएकी पत्नी र छ देखि १४ वर्ष उमेरका तीन बालबच्चाको मृत्यु भयो । ११ वर्षको एउटा बच्चा हराइरहेको छ । एउटा पाँच महिनाको छोरा ओमार मात्र बाँचेको छ ।" यो त प्रतिनिधि घटना मात्र हो । गाजामा यस्ता पीडादायी घटना दिनहुँ भइरहेका छन् । यसपटकको आक्रमण सन् २०१४ को भन्दा विनाशकारी रहेको दुबै युद्ध देखेका गाजामा आपतकालीन सेवामा सक्रिय समिर अल-खातिबले बताउनु भएको छ । यस पटकको आक्रमणबाट जोगिन झण्डै ३४ हजार प्यालेस्टिनीले आफ्ना घर छाडेका राष्ट्रसङ्घीय कुटनीतिज्ञ टोर वेनेसल्यान्डले राष्ट्रसङ्घीय सुरक्षा परिषदलाई जानकारी गराउनु भएको छ ।

सन् २०१४ मा पनि हमास र इजरायलबीचको द्वन्द्वमा इजरायलले गाजामा भीषण कारबाही गरेको थियो । सात हप्ता चलेको त्यस युद्धमा झण्डै दुई हजार २०० प्यालेस्टिनीको मृत्यु भएको थियो जसमा झण्डै एक तिहाई बालबालिका र महिला थिए । दुबै पक्षबीच युद्धबिराम गराउन करिब तीन महिना लागेको थियो । त्यतिबेला पनि प्रधानमन्त्री रहेका बेन्जामिन नेतन्याहूले हालको युद्ध रोकिन पनि केही समय लाग्ने चेतावनी दिनु भएको छ । त्यसैले तत्काले युद्धबिराम हुने सम्भावना निकै झिनो छ । करिब पाँच माइल चौडा र २५ माइल लम्बाईमा फैलिएको गाजापट्टीमा करिब २० लाख प्यालेस्टिनीको बसोबास छ ।

दुई वर्षका अवधिमा चार पटक संसद्को चुनाव भएपनि बहुमत ल्याउन असफल भएका प्रधानमन्त्री नेतन्याहूले सम्भवतः चाँडै हुने अर्को चुनावमा आफूलाई पुनः उदय गराउने योजनामा पनि रहेको आशंका गर्न सकिन्छ । प्रधानमन्त्रीको पूर्णआदेश पाएको इजरायली सेनाले आइतबार ५४ वटा लडाकू बिमान प्रयोग गरी गाजाका ३५ ठाउँमा बम हमला गरेका थिए । सेनाको भनाइमा यी हमलाहरु खासगरी हमास र इस्लामिक लडाकू विरुद्ध केन्द्रित छन् तर यी आक्रमणमा मारिनेहरु ज्यादातर महिला, बालबालिका र अरु सर्वसाधारण छन् । केही लडाकूहरु पनि मारिएका खबर सार्वजनिक भइरहेका छन् ।

इजरायली आक्रमणको प्रतिरोध गरिरहेका हमास लडाकूहरुले दक्षिणी इजरायली भूमिमा लगातार क्षेप्यास्त्र प्रहार गरेर परिस्थितिलाई अझ उत्तेजित बनाएका छन् । यसबाट मङ्गलबारसम्म २०० भन्दा बढी व्यक्तिको ज्यान गएको छ जसमा इजरायलतर्फ १० जनाको मृत्यु भएको छ । इजरायली सेनाका अनुसार हमासले तीन हजार भन्दा बढी क्षेप्यास्त्र प्रहार गरेका छन् ।

अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले ट्वीट गर्दै संयुक्तराज्य अमेरिकाले शान्त, व्यापक कुटनीतिक प्रयास जारी राखेको तथा आफूहरुले परिस्थितिलाई तत्काल समाधान गर्न निरन्तर प्रयास गरिरहेको बताउनु भएको छ । उहाँले द्वन्द्वका बारेमा आफूहरुले इजरायल र इजिप्टका समकक्षीसँग वार्ताहरु गरिरहेको बताउनुभएको छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले तीन दिनको अवधिमा दोस्रो पटक इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूलाई फोन गरी गाजाको हमास सरकारसँग तत्कालै युद्धबिराम गर्न आग्रह गर्नु भएको छ । तर राष्ट्रपति बाइडेनको आग्रहलाई बेवास्ता गर्दै इजरायलले विगत आठ दिनदेखिको आक्रमणलाई निरन्तरता दिइरहेको छ । सोमबार अबेर पनि प्रधानमन्त्री नेतन्याहूले सुरक्षा अधिकारीसँगको बैठकमा गाजाबाट भइरहेका आतंकवादी हमलाको प्रतिरोधलाई निरन्तरता दिन सुझाव दिनु भएको छ ताकि सबै इजरायली नागरिकले सुरक्षित महसुस गर्न पाउन् । इजरायल र प्यालेस्टिनीको विवाद आआफ्नो अस्तित्वसँग जोडिएको विषय हो । हमास समूहले इजरायलको स्वतन्त्र अस्तित्व र पहिचान मेटाएर प्यालेस्टाइन देश निर्माण गर्न चाहन्छ । अहिलेको परिस्थितिमा त्यो सम्भव छैन, तर इजरायलले पनि प्यालेस्टिनी जनतालाई सम्मानजनक व्यवहार दर्शाउन जरुरी छ ।

प्यालेस्टिनी जनताको स्वतन्त्र अस्तित्वलाई इजरायलले मान्यता दिनसके वर्षौंदेखिको यो द्वन्द्व सम्भवत समाधानतर्फ उन्मूख हुनेछ । अहिले, जेरुसेलममाथिको अधिकार, पश्चिमी किनारामा इजरायली बस्ती बिस्तार, प्यालेस्टिनी शरणार्थीको फिर्ती तथा लडाकू समूहको उदयले द्वन्द्वको तत्कालै शान्तिपूर्ण समाधानमा व्यवधान उत्पन्न गराउने निश्चित छ । बरु, इजरायल र हमासले एकअर्का विरुद्ध गरिरहेका जथाभावी हमलाबाट आम सर्वसाधारणलाई जोगाउन विशेष सतर्कता अपनाउनु जरुरी छ । (अन्तर्राष्ट्रिय सञ्चार माध्यमको सहयोगमा तयार पारिएको)

# कोरोना संक्रमितको मृत्युपछि निःशुल्क दाहसंस्कार

पोखरापत्र संवाददाता
म्याग्दी, ५ जेठ

म्याग्दीमा कोरोना सङ्क्रमितको मृत्यु भएपछि नेपाल रेडक्रस सोसाइटीको पहलमा निःशुल्क दाहसंस्कार गर्न थालिएको छ ।

वैशाख यता कोरोनाका कारण ज्यान गुमाएका व्यक्तिको शव रेडक्रस सोसाइटी म्याग्दी शाखाका उपमन्त्री तथा रेडक्रसद्वारा सञ्चालित रक्तसञ्चार सेवा केन्द्रका संयोजकसमेत रहेका सुरत केसीको नेतृत्वमा चारजना युवाले स्वास्थ्य सावधानीका मापदण्ड पूरा गरी निःशुल्क दाहसंस्कार गर्न थालेका हुन् । मृतकका आफन्तसँगको समन्वयमा केसीसँगै आनन्द रिजाल, जनक सोनाम र केशर शेरपुञ्जाले निःशुल्क रूपमा दाहसंस्कार गर्दै आउनुभएको छ । अहिलेसम्म बेनी अस्पतालमा उपचारकै क्रममा मृत्यु भएका दुईजना सङ्क्रमितसहित पोखरामा मृत्यु भएर बेनीमा ल्याइएका समेत गरी पाँच वटाको शव बेनीस्थित कालीगण्डकी र म्याग्दी नदीको दोभान रहेको दोबिल्ना घाटमा व्यवस्थापन गरिसकिएको केसीले बताउनुभयो । "पिपिई लगायतका सामग्री रेडक्रसले व्यवस्थापन गरेको छ, हामीले पारिश्रमिक नलिईकन स्वयम्सेविका रूपमा सहयोग गरेका हौँ, जोडरले खाडल खन्नुपर्ने अवस्थामा त्यो खर्च स्थानीय तहले व्यवस्थापन गरिदिनुभएको छ", केसीले भन्नुभयो । केसीलाई जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रले शव व्यवस्थापन संयोजक तोकेको थियो ।

# आइसोलेशनमा बस्दा हुने खर्च गाउँपालिकाले व्यहोर्ने

पोखरापत्र संवाददाता
तनहुँ, ५ जेठ

ऋषिङ गाउँपालिका तनहुँले निर्माण गरेको आइसोलेशनमा बस्दा सङ्क्रमित हुने सबै खर्च गाउँपालिकाले व्यहोर्ने भएको छ । कोभिड-१९ बाट सङ्क्रमित भई आइसोलेशनमा बस्नुपर्ने ऋषिङवासीका लागि गाउँपालिकाले खर्च व्यहोर्ने भएको हो ।

गाउँपालिकामा हुने खर्चको हकमा मात्रै गाउँपालिकाले जिम्मा लिइने ऋषिङ गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले जानकारी दिनुभयो । बिरामीमा जटिल अवस्था आएर अन्यत्र लैजानु परेमा खर्च स्वयम्को हुने र गाउँपालिकाले एम्बुलेन्स उपलब्ध गराएर सम्बन्धित अस्पतालसम्म लैजाने र घरसम्म पुर्‍याउने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो । नागरिकको समेत योगदान हुने गरी कोभिड राहत कोष स्थापना गर्ने भन्ने प्रस्ताव आए पनि नागरिकलाई आर्थिक भार नपरोस् भनी त्यसको सम्पूर्ण खर्चको प्रबन्ध गाउँपालिकाले मिलाउन लागेको अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

कोभिड जोखिम बढेको भन्दै ऋषिङ गाउँपालिकाले गाउँमा विवाह, भोजभतेर, मेलालगायत मानिसको भीडभाड हुने कार्य तत्काल रोक्न लगाइएको छ । सङ्क्रमणसँगै जोखिम समेत बढेकाले गाउँपालिकाको मुख्य प्रवेश नाकाहरूमा कडा निगरानी राखिएको गाउँपालिकले जनाएको छ ।

गाउँपालिकामा पिसिआर परीक्षण गर्नका लागि तयारी भइरहेको उहाँले जानकारी दिनुभयो।विभिन्नसञ्चारमाध्यमबाट कोभिडसम्बन्धी जनचेतना फैलाउने, देश विदेशबाट आएका गाउँवासीलाई १५ दिन क्वारेन्टिनमा राख्ने व्यवस्था मिलाइएको छ । आइसोलेशन तयारी अवस्थामा राखिए पनि हालसम्म बिरामी आएका छैनन् । उहाँले भन्नुभयो, "पाँच शैया अक्सिजनसहितको आइसोलेशन निर्माण गरिसकिएको छ भने १५ शय्याको निर्माणको तयारी भइरहेको छ ।"

# भारतमा कोभिड-१९ बाट एकै दिनमा चार हजार ५२९ जनाको मृत्यु

रासस
काठमाडौं, ५ जेठ

कोरोनाभाइरस महामारीको दोस्रो लहरबाट ठूलो क्षति व्यहोरिरहेको भारतमा विगत २४ घण्टामा थप चार हजार ५२९ जनाको मृत्यु भएको यहाँको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।

मङ्गलबार त्यहाँ २ लाख ६७ हजार ३३४ जना थप सङ्क्रमित थपिएका छन् । गएको केही दिनयता भारतमा कोरोना सङ्क्रमितको संख्यामा केही कमि आएको भएयता पनि सोमबारको तुलनामा मङ्गलबार केही बढी सङ्क्रमित भएका छन् ।

भारतमा सोमबार कोरोना सङ्क्रमितको संख्या २ लाख ६३ हजार जना मात्र थियो भने मङ्गलबार पुनः २ लाख ६७ हजार ३३४ जना थप सङ्क्रमित भएका छन् । गत सोमबार कोरोना सङ्क्रमितको यो संख्या गत अप्रिल २१ तारिख पछिकै सबैभन्दा कमी भएको भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मंगलबार जनाएको थियो ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार विगत २४ घण्टामा दुई लाख ६७ हजार ३३४ जना नयाँ संक्रमित भेटिएका हुन् ।अप्रिल महिनाको तुलनामा हरेक दिन संक्रमितहरूको संख्या घट्दै गएको देखिएको हो । अघिल्लो महिना यहाँ दैनिक कम्तीमा पनि ४ लाख मानिसमा संक्रमण देखिने गरेको थियो ।

मन्त्रालयले बुधबार सार्वजनिक भएको यो तथ्यांकसँगै भारतमा कोरोना भाइरसको संक्रमणबाट अहिलेसम्म २ लाख ८३ हजार २४८ जनाको ज्यान गएको पनि बताइएको छ । मन्त्रालयका अनुसार कोभिड-१९ संक्रमितको कूल संख्या दुई करोड ५४ लाख ९६ हजार ३३० पुगेको छ । भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्धको खोप अभियान शुरु गरेको थियो । सो समयबाट हालसम्म भारतमा १८ करोड ५८ लाख ९ हजार भन्दा बढी खोप लगाईसकेका छन् ।

मङ्गलबार एकै दिनमा भारतमा १३ लाख १२ हजार १५५ जनालाई कोरोनाविरुद्धको खोप लगाएका सरकारी स्रोतले जानकारी दिएको छ ।

भारतमा सङ्क्रमित व्यक्तिको संख्या दैनिक तीन लाखभन्दा बढी नै देखिए पनि भारत सरकारले देशव्यापी लकडाउन भने नगर्ने जनाएको छ । तर कतिपय शहरमा भने लगाइएको छ ।

# महानगर खेलकूद विकास समितिको अध्यक्षमा गोदार नियुक्त

**पोखरापत्र संवाददाता**

**पोखरा, ५ जेठ**

पोखरा महानगर खेलकूद विकास समितिको अध्यक्षमा दीपक गोदार नियुक्त हुनुभएको छ।

पोखरा महानगरपालिका-१७ निवासी गोदारलाई महानगर खेलकूद विकास ऐन २०७५ को दफा ३ अनुसार कार्यपालिका बैठकको निर्णयानुसार बुधबार अध्यक्ष पदमा नियुक्त गरिएको महानगर शिक्षा महाशाखा निर्देशक हेमप्रसाद आचार्यले जानकारी दिनुभयो।

पर्यटकीय शहर पोखरामा खेलकूद विकास तथा खेल गतिविधिको अभिवृद्धिका लागि महानगरले खेलकूद ऐन तयार गरेको थियो। अध्यक्षको कार्यकाल तीन वर्षको हुनेछ।

नवनियुक्त अध्यक्ष गोदार राष्ट्रिय तथा अन्तर्राष्टिय खेलाडी सङ्घ कास्कीको अध्यक्ष र मोयाथाई किक बक्सिङ्का प्रशिक्षक हुनुहुन्छ । उहाँ कराँतेका अन्तराष्ट्रिय पदक विजेता खेलाडी समेत हुनुहुन्छ। अध्यक्षमा नियुक्त भएपछि गोदारले आफ्नो उर्जाशील समय खेलकूदमा समर्पित गरेको बताउँदै पोखरालाई खेलकूद नगरीको रूपमा चिनाउन र खेलाडी उत्पादनमा विशेष काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

अध्यक्ष गोदारले यसअघि जिल्ला खेलकूद विकास समितिको कोषाध्यक्षको जिम्मेवारी सम्हाल्नुभएको थियो। गोदार नेकपा एमाले निकट खेलकूद महासङ्घ कास्कीको संयोजक समेत हुनुहुन्छ। नेपाल खेलकूद पत्रकार मञ्च गण्डकीले विसं २०७५ मा आयोजना गरेको पोखरा स्पोर्टस अवार्डमा गोदार उत्कृष्ट प्रशिक्षक घोषित हुनुभएको थियो । उहाँको प्रशिक्षणमा नेपाली खेलाडीले मकाउ, थाइल्याण्ड, कोरिया,टर्की लगायतका देशमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सहभागी भएका थिए।



स्थानीयवासीलाई मास्क वितरण गर्दै नगरप्रमुखः वालिङ नगरपालिका- १४ स्थित कपासे गाउँमा स्वास्थ्यकर्मीले स्वास्थ्य परीक्षण गरेसँगै स्थानीयवासीलाई मास्क वितरण गर्दै वालिङ नगरपालिकाका प्रमुख दिलीपप्रताप खाँण। अधिकांशमा कोरोनाका लक्षण देखिएपछि गाउँलाई सिल गरिएको छ। तस्वीर : तोलाकान्त बगाले/रासस

# अस्पतालबाट निस्कने धुवाँबाट स्थानीयवासी समस्यामा

**–तारानाथ आचार्य**

**बागलुङ, ५ जेठ (रासस)**

"मध्यरातमा घरभित्र पस्ने धुलोसहितको धुँवाले दमको समस्या भएका जेष्ठ नागरिकलाई श्वास फेर्नै कठिन बनाउँछ। जलेर पड्किने बोतलहरू र प्लाष्टिकको आवाजले बम पड्केको महसुस हुन्छ। स-साना केटाकेटी कयौंपटक झस्किएका छन् ।"

बिहान-बेलुका रात-साँझ हावा चल्दा मात्रै होइन, आकास स्थिर रहेको बेलासमेत घरभित्र पस्ने धुँवाले बागलुङ नगरपालिका-२ मरेपीपलका सर्वसाधारण आजित भएका छन् । बस्तीको माझमा रहेको धौलागिरी अस्पतालको फोहोर व्यवस्थापन उचित ढङ्गबाट हुन नसक्दा यो समस्या आएको हो।

अस्पतालको पूर्वपट्टिको एउटा भवनमा सङ्क्रमणजन्य फोहोरको बिसर्जन हुने गरेको छ। आगो लगाएर हुने बिसर्जनबाट निस्किएको धुँवाले अस्पताल वरपरका वासिन्दा घरमा बस्नै कठिन हुने गरेको स्थानीयवासी रामचन्द्र गौतमले बताउनुभयो । "धुँवाको मुस्लो नै भान्छामा पुग्छ, झ्याल ढोका बन्द गरेर कति दिन बस्नु" गौतम भन्नुहुन्छ, "अस्पतालले अव्यवस्थित हिसाबले फोहोर जलाउँदा आसपासका घरहरूमा बसी नसक्नु भयो।"

स्थानीय वासिन्दाले धुँवाको व्यवस्थापनका लागि अस्पताल व्यवस्थापनलाई पटकपटक अनुरोध गरेका छन्। आफूहरूको समस्यामा अस्पताल प्रशासन गम्भीर नभएको स्थानीयवासीको आरोप छ। संयुक्त र एकल रूपमा पटकपटक फोहोर जलाउने कामको व्यवस्थापन गरेर धुँवाको मुस्लोबाट पीडित नगराउन आग्रह गर्दा समेत नमानेको भन्दै गौतमले बुधबार फोहोर व्यवस्थापन सम्बन्धी निर्देशिका वा मापदण्ड बनाउन माग गर्नुभएको छ।

"अहिले अस्पताललाई अप्ठ्यारो पर्ने गरी समूहमा आएर दबाब दिने समय होइन", गौतमले भन्नुभयो, "मापदण्ड पनि हेरौं के रहेछ, कोभिड मथ्थर भएपछि गम्भीर हिसाबले कुरा गर्नुपर्छ ।" उहाँले अस्पताल व्यवस्थापन र प्रशासनलाई स्थानीय सबैको प्रतिनिधित्व गर्दै तत्काल फोहोर जलाउने काम रोक्न ध्यानाकर्षण समेत गराउनुभएको छ।

अस्पतालले कोभिड-१९ सङ्क्रमितको उपचार तथा अन्य सङ्क्रामक रोगको उपचारमा प्रयोग भएका स्वास्थ्य सामग्रीहरूको उक्त स्थानमा जलाएर विसर्जन गर्ने गरेको छ । "अन्य फोहोर हामीले फोहोर व्यवस्थापन युनिट बनाएर व्यवस्थापन गरेका छौं" अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेण्ट डा शैलेन्द्र बिक पोखरेलले भन्नुभयो, "कोभिडका बिरामीको उपचारपश्चात निस्किने फोहोर मात्रै त्यहाँ जलाउने गरिएको छ ।" बस्तीको नजिक अस्पताल रहेकाले सङ्क्रामक फोहोर व्यवस्थापनको अन्य उपाय नरहेको उहाँको भनाइ छ। "हामीले चिम्नी राखेर जलाउने योजना पनि बनायौं तर सरकारले रोक्यो", अस्पताल व्यवस्थापन समितिका अध्यक्ष केबी राना मगरले भन्नुभयो, "यो समस्या हामी छिट्टै विकल्पको खोजी गरेर समाधान गर्छौं ।" प्लाष्टिक तथा अन्य फोहोरहरूलाई उच्च प्रविधिबाट विसर्जन गर्ने विधि र उपकरणको समेत खोजी भैरहेको रानाले बताउनुभयो।

# शववाहन नभएपछि डोजरमा राखेर शव व्यवस्थापन

**पोखरापत्र संवाददाता**

**तनहुँ, ५ जेठ**

तनहुँमा एउटा पनि शववाहन नभएपछि त्यसको अभाव खड्किएको छ।

कोभिड-१९ को सङ्क्रमण बढ्दै गएपछि सङ्क्रमितको मृत्यु भएमा शव व्यवस्थापनका लागि शववाहनको अभाव खड्किएको हो । जिल्ला सङ्कट व्यवस्थापन केन्द्रले शववाहनको खोजी शुरु गरेको छ। व्यावसायिक क्षेत्रबाट हुन सक्ने सामाजिक उत्तरदायित्वलाई विचार गर्दै शुक्लागण्डकी नगरपालिकास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा रही सञ्चालन हुने गरी दमौली अस्पताललाई एक थान शववाहन उपलब्ध गराइदिन केन्द्रले सूर्य नेपाल लिमिटेडलाई अनुरोध गरेको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो । स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शङ्करबाबु अधिकारीले शववाहन नहुँदा मृत्यु हुने सङ्क्रमितको शव व्यवस्थापनका लागि समस्या हुने बताउनुभयो । उहाँका अनुसार व्यास नगरपालिका बाहेकका स्थानीय तहमा शववाहन नहुँदा समस्या भएको छ। शववाहनको अभावमा देवघाट गाउँपालिकामा डोजरमा राखेर कोरोना सङ्क्रमितको शव व्यवस्थापन गरिएको छ। देवघाट-५ निवासी ६८ वर्षीया महिलाको शव आफन्तले डोजरमा राखेर घाटसम्म पुर्‍याएका हुन्।

# रिपोर्ट आउन ढिला हुँदा संक्रमणको जोखिम

**पोखरापत्र संवाददाता**

**स्याङ्जा, ५ जेठ**

जिल्लामा कोभिड१९ को सङ्क्रमण बढेसँगै स्थानीय पालिकाहरूले टोलटोलमा पुगेर सङ्क्रमितको स्वाब सङ्कलन गरेर परीक्षणको लागि जनस्वास्थ्य प्रयोगशाला पोखरा पठाए पनि त्यसको रिपोर्ट आउन ढिलो हुँदा जोखिम झनै बढेर गएको हो।

स्वाब सङ्कलन गरी पठाएको १०/१२ दिनसम्म पनि रिपोर्ट नआउँदा सङ्क्रमितको परिवारमा समेत समस्या हुने गरेको छ भने यसले अन्य उपचारमा समेत अन्योलको साथै थप त्रास सिर्जना गरेको छ । स्वाब सङ्कलन गरिएकाको रिपोर्ट नआउादै मृत्यु हुने र केही बिरामीको रिपोर्ट आउनुभन्दा अगाडि नै ठीक भएका घटनाले सङ्क्रमण नियन्त्रण गर्नमा थप चुनौती थपिएको पाइन्छ। जिल्ला सदरमुकामदेखि टाढाको दूरीमा रहेका हरिनास र कालीगण्डकी गाउँपालिका तथा चापाकोट नगरपालिकामा स्वाबको रिपोर्ट आउन लामो समय लाग्दा थप समस्या भएको पालिका प्रमुखहरूको भनाइ छ।

कालीण्डकी गाउँपालिका प्रमुख खिमबहादुर थापाले लामो समयसम्म स्वाबको रिपोर्ट नआउँदा आफूहरूलाई व्यवस्थापनमा समस्या भएको बताउनुभयो । थापाले भन्नुभयो, "गाउँगाउँमा पुगेर स्वाब सङ्कलन गरेर पठायो, लामो समयसम्म रिपोर्ट आउँदैन, त्यसअवधिमा मानिसहरू हिँडडुल गर्दा सङ्क्रमण बढ्ने जोखिम रहेको छ।"

हरिनास गाउँपालिकाका अध्यक्ष खिमनारायण मानन्धरको पनि भनाइ उस्तै छ। स्वाब परीक्षणको लागि पठाएका व्यक्तिको रिपोर्ट नआउँदै मृत्यु भएको अवस्थामा दाहसंस्कार गर्न समेत समस्या हुने गरेको उहाँ बताउनुहुन्छ। जिल्लामा मङ्गलबारसम्म कुल एक हजार १८५ जना सङ्क्रमित भएका छन् भने १११ जना निको भएर घर फर्किएका छन् । मृत्यु हुनेहरूको सङ्ख्या ५२ पुगेको छ भने विभिन्न अस्पतालमा ३५ पुरुष र १७ महिला गरी ५२ जनाको उपचार भइरहेको छ।

जिल्लामा ३१७ आइसोलेसन शयूया र १९९ अक्सिजन सिलिण्डर रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ। होम आइसोलेसनमा ४७३ महिला र ४५९ पुरुष रहेका छन् भने आइसोलेसन केन्द्रमा आठ महिला र २९ पुरुषको उपचार भइरहेको स्वास्थ्य कार्यालयका सूचना अधिकारी मित्रप्रसाद अर्यालले जानकारी दिनुभयो।

# कांग्रेसद्वारा सातै प्रदेशमा अस्थायी अस्पताल बनाउन माग

**रासस**

**काठमाडौं, ५ जेठ**

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले कोरोना भाइरस संक्रमितको उपचारका लागि सातै प्रदेशमा तत्काल अक्सिजन, सघन उपचार कक्ष र भेन्टिलेटर शयूयासहितका अस्थायी अस्पताल बनाउन माग गरेको छ।

कांग्रेस संसदीय दल कार्यसमितिको बुधबार बसेको बैठकले कोरोना उपचार र नियन्त्रणमा सरकारलाई गम्भीर बन्न आग्रह गर्दै संक्रमितको उपचारमा राज्यको सम्पूर्ण शक्ति र निकायलाई परिचालन गर्न माग गरेको छ। बैठकले मुलुकभरका अस्पतालमा आवश्यक मात्रामा शयूया, अक्सिजन, सघन उपचार कक्ष शयूया र भेन्टिलेटरको व्यवस्थापन गर्न तथा सबैलाई तत्काल कोरोनाविरुद्धको खोप लगाउने व्यवस्था गर्न सरकारलाई आग्रह गर्ने निर्णय गरेको प्रमुख सचेतक बालकृष्ण खाणले जानकारी दिनुभयो।

कांग्रेसले कोरोनाको उपचारमा नेपाललाई आवश्यक स्वास्थ्य सामग्री तथा कोरोनाविरुद्धको खोप सहयोग गर्ने ि देश, अन्तरराष्ट्रिय संघसंस्था र सहयोगीलाई धन्यवाद दिँदै थप सहयोगका लागि आह्वान गरेको छ। साथै बैठकले कोरोना उपचार र नियन्त्रणको व्यवस्थापनमा स्थानीय तहले गरेको कामको सराहना गर्दै प्रदेश र संघीय सरकारलाई स्थानीय तहलाई थप अनुदानको व्यवस्था गर्न माग गरेको उहाँले बताउनुभयो। बैठकले कोरोनाको उपचार र नियन्त्रण तथा व्यवस्थापनका क्रममा अग्रपङ्क्तिमा रहेर चिकित्सक, स्वास्थ्यकर्मी, नर्स, सरसफाइकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मीलगायतले महत्वपूर्ण भूमिका निर्वाह गरेकामा धन्यवाद दिँदै उच्च मनोबल बढाउनका लागि सरकारको ध्यानाकर्षण गराएको छ। कांग्रेसले कोरोना रोकथामका लागि लागु गरिएको निषेधाज्ञाका कारण मारमा परेका दैनिक ज्यालादारी गर्ने मजदूर, रोजगारी गुमाएका व्यक्ति र मारमा परेका व्यवसायीलाई उचित राहतको व्यवस्था गर्न सरकारसँग माग गरेको प्रमुख सचेतक खाणले जानकारी दिनुभयो । बैठकले बिहिबार हुने राष्ट्रियसभाको उपनिर्वाचनका पूर्वसन्ध्यामा प्रधानमन्त्रीले वक्तव्य सार्वजनिक गर्दै मत माग्नुभएको भनी आपत्ति जनाउँदै निर्वाचन आचारसंहिता उल्लंघन गर्ने जोसुकैलाई कारवाहीका लागि निर्वाचन आयोगको ध्यानाकर्षण गराएको छ।


## Phedikhola Rural Municipality
## Office of Rural Municipal Executive
## Phedikhola, Syangja
## Gandaki Province, Nepal

**Invitation for Sealed Quotations For Procurement of Piglets**

**IFB NO.: 23/077/78/PRM**

**First date of Publication: 20th May, 2021**

1. The Phedikhola Rural Municipality, Phedikhola, Syangja has allocated funds to cover eligible payment under the Contract for Supply of hybrid Piglets for breed improvement to the pocket area of Phedikhola Rural Municipality, Contract ID:PRM-G-SQ-70-PP-077-78. Bidding is open to all eligible Nepalese Bidders. The Estimated Cost is NRs. 620,000.00 (Excluding VAT but with all taxes, fees and transportation charge).
2. The Phedikhola Rural Municipality invites sealed and or electronic bids from eligible bidders for the procurement of Supply of hybrid Piglets for breed improvement to the pocket area of Phedikhola Rural Municipality under Contract ID: PRM-G-SQ-70-PP-077-78under Sealed Quotation procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders may obtain further information and inspect the Bidding/Sealed Quotation Documents at the office of Rural Municipal Executive,Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal or may visit PPMO egp system website www.bolpatra.gov.np/egp.
4. A complete set of Sealed Quotation/Bidding Documents may be purchased from the Office ofRural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs 1000.00 till 03-06-2021 during office hours.
   Or
   A complete set of Bidding Documents may be downloaded from PPMO egp system website www.bolpatra.gov.np/eg. In e-submission, bidder should deposit cost of bid documents (non-refundable fee of NRs. 1000.00) in following bank account and scanned copy (in PDF Format) of Voucher should be uploaded at the time of bid submission. Information for cost of bid document:
   Name of the Bank: Prime Bank Ltd., Phedikhola, Syangja, Name of the Office: Phedikhola Rural Municipality, Account Name: AantarikRajashwaKhata of Phedikhola Rural Municipality, Account No.: 06500308CA
5. Sealed or Electronic bids must be submitted to the office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal by hand or through PPMO website www.bolpatra.gov.np/egp on or before 04-06-2021 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 04-06-2021 12:15hours at the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 16,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
7. The Bidder who choose to submit bid security in cash, the cash should be deposited in Account No. 06500036CA, the Dharauti Account of Phedikhola Rural Municipality at Prime Bank Ltd., Phedikhola Branch. The bidder should submit original copy of Voucher in case of Hard copy or should be uploaded scanned copy of voucher in case of E-copy at the time of bid submission.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.